# राष्ट्रिय तथ्याङ्क परिषद्को पाँचौ बैठक

**प्रस्ताव १: नेपाल राष्ट्र बैंकबाट उत्पादन हुँदै आएका उपभोक्ता मूल्य सूचकाङ्क (Consumer Price Index – CPI) लगायतका कार्य राष्ट्रिय तथ्याङ्क कार्यालयमा हस्तान्तरण गर्ने सम्बन्धी अध्ययन प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।**

**निर्णयः** उपभोक्ता मूल्य सूचकाङ्क (CPI) लगायतका विषयमा तथ्याङ्क सङ्कलन, तयारी तथा प्रकाशनसम्बन्धी विद्यमान व्यवस्थाको अध्ययन गरी उपयुक्त कानुनी, संस्थागत र प्रक्रियागत सुझाव सहितको प्रतिवेदन चार महिना भित्र पेश गर्ने गरी निम्न कार्यविवरण बमोजिमको कार्यदल गठन गर्ने।

क) कार्यदलको संरचना

१. कार्यकारी निर्देशक, आर्थिक अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक - संयोजक
२. सहसचिव, आर्थिक नीति विश्लेषण महाशाखा, अर्थ मन्त्रालय -सदस्य
३. सहसचिव, आर्थिक व्यवस्थापन महाशाखा, राष्ट्रिय योजना आयोग -सदस्य
४. उप-प्रमुख तथ्याङ्क अधिकारी, राष्ट्रिय लेखा तथ्याङ्क महाशाखा, राष्ट्रिय तथ्याङ्क कार्यालय -सदस्य
५. निर्देशक (मुल्य हेर्ने), आर्थिक अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक -सदस्य
६. निर्देशक, मुल्य तथ्याङ्क शाखा, राष्ट्रिय तथ्याङ्क कार्यालय -सदस्य
७. उप-निर्देशक (मुल्य हेर्ने), आर्थिक अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक -सदस्य-सचिव

ख) कार्यदलको कार्यदिशः

- नेपाल राष्ट्र बैंकबाट उत्पादन हुँदै आएका उपभोक्ता मूल्य सूचकाङ्क (CPI) लगायतका अन्य सूचकाङ्कहरुसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, तयारी, प्रकाशन र प्रयोगका सम्बन्धमा विद्यमान कानुनी, संस्थागत र प्रक्रियागत व्यवस्थाको विस्तृत अध्ययन गरी उक्त कार्य राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सम्पादन गर्ने सम्बन्धमा ठोस राय सहितको प्रतिवेदन पेश गर्ने।
- सो कार्य राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सम्पादन गर्नको लागि आवश्यक पूर्वाधार, स्रोत, जनशक्ति तथा क्षमता विकासका बारेमा विश्लेषण गरी सुझाव पेश गर्ने।
- उक्त कार्यको हस्तान्तरण प्रक्रिया सहज बनाउन आवश्यक कानुनी, संरचनागत र प्रक्रियागत रूपमा गर्नुपर्ने समायोजन (Adjustment) का सम्बन्धमा सुझाव पेश गर्ने।
- प्रणालीको सहज हस्तान्तरण र प्रकाशन तथा प्रयोगका लागि संक्रमण अवधिभर नेपाल राष्ट्र बैंक र राष्ट्रिय तथ्याङ्क कार्यालयले संयुक्त रूपमा उक्त कार्य गर्ने गरी उपयुक्त संरचना प्रस्ताव गर्ने।

**ग) कार्यदलको लजिष्टक तथा व्यवस्थापन खर्च सम्बन्धमा**

- कार्यदललाई आवश्यक पर्ने लजिष्टिक तथा व्यवस्थापन लगायतका खर्च नेपाल राष्ट्र बैंकबाट हुने गरी गर्न अनुरोध गर्ने।

**प्रस्ताव २: तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२-२०८५/८६) को कार्यान्वयन कार्ययोजना तयार गरी पेश गर्ने सम्बन्धमा।**

निर्णयः राष्ट्रिय तथ्याङ्क कार्यालयले "तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो" मा उल्लेखित रणनीति तथा कार्यनीति कार्यान्वयनका लागि सम्बन्धित आधिकारिक तथ्याङ्क उत्पादन गर्ने सबै निकायहरूबाट निकायगत कार्ययोजना माग गरी एकीकृत कार्ययोजना तयार गरेर स्वीकृतिका लागि आगामी बैठकमा पेश गर्ने।

**प्रस्ताव ३: तथ्याङ्क नियमावली, २०८० बमोजिमको आधिकारिक तथ्याङ्क उत्पादनकर्ताको विवरण सार्वजनिक गर्ने सम्बन्धमा।**

निर्णयः आधिकारिक तथ्याङ्क उत्पादनकर्ताको आर्थिक वर्ष २०८२/८३ को क्रियाकलापहरू तथ्याङ्क नियमावली, २०८० को अनुसुची-१ बमोजिमको ढाँचामा राष्ट्रिय तथ्याङ्क कार्यालयले सम्बन्धित निकायबाट माग गरी वेवसाइट मार्फत सार्वजनिक गर्ने। आगामी आ.व. को हकमा राष्ट्रिय तथ्याङ्क कार्यालयले सबै आधिकारिक निकायबाट साउन महिनाभित्रमा विवरण प्राप्त गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउने।

**प्रस्ताव ४: तथ्याङ्क आदान प्रदान तथा पहुँच सम्बन्धमा।**

निर्णयः राष्ट्रिय तथ्याङ्क कार्यालयले उत्पादन गर्ने विभिन्न प्रकारका आधिकारिक तथ्याङ्कको लागि आवश्यक विवरण निर्धारित ढाँचामा सहज र नियमित रूपमा प्राप्त गर्ने व्यवस्था मिलाउन राष्ट्रिय तथ्याङ्क कार्यालयले सम्बन्धित मन्त्रालय/निकायलाई अनुरोध गर्ने।

2082/5/30

082/5/30

डा. प्रकाश कुमार श्रेष्ठ
उपाध्यक्ष